# केराबारी गाउँपालिका

## स्थानीय राजपत्र

केराबारी गाउँपालिकाद्धारा प्रकाशित

खण्ड ९) केराबारी, चैत्र १९ गते,२०८२ साल (संख्या १०

## भाग — २

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम केराबारी गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# केराबारी आधारभूत अस्पताल सञ्चालन कार्यविधि,२०८२

**<u>प्रस्तावना</u>**ः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ (झ ) ३ अनुसार केराबारी आधारभूत अस्पताल स्थानीय सरकारले आफैं स्थापना गर्न तथा सञ्चालन गर्न सक्ने गरी स्थानीय सरकारको एकल अधिकार क्षेत्र भित्र समावेश भएको हुँदा यस

केराबारी गाउँकार्यपालिकाको वैठकले "केराबारी आधारभूत अस्पताल सञ्चालन कार्यविधि, २०८२" जारी गरिएको छ ।,

## १. संक्षिप्त नाम र प्रारम्भ

(१.१) यस कार्यबीधिको नाम"केराबारी आधारभूत अस्पताल सञ्चालन कार्यविधि, २०८२" रहनेछ ।

(१.२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

## २. परिभाषा

विषय र प्रसंगले अर्को अर्थ नलागे यस कार्यविधिमा ,

(२.१) "अस्पताल" भन्नाले यस केराबारी गाउँपालिकाबाट स्थापना भएर सञ्चालन हुने केराबारी आधारभूत अस्पताललाई सम्झनु पर्दछ ।

(२.२) "स्वास्थ्य संस्था" भन्नाले यस केराबारी गाउँपालिका अन्तर्गत स्थापना भएर सञ्चालन हुने सरकारी स्वास्थ्य संस्थाहरुलाई सम्झनु पर्दछ ।

(२.३) "स्वास्थ्य शाखा" भन्नाले यस केराबारी गाउँ कार्यपालिका अन्तर्गतका अस्पताल सहित सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई सञ्चालन, नियमन तथा सहजीकरण गर्न गाउँकार्यपालिकामा रहेको स्वास्थ्य शाखालाई सम्झनु पर्दछ ।

(२.४)“स्वास्थ्य संयोजक” भन्नाले गाउँपालिकाको स्वास्थ्य शाखाको प्रमुखलाई सम्झनुपर्दछ ।

(२.५) “अस्पताल विकास समिति” भन्नाले केराबारी गाउँपालिकामा सञ्चालनमा रहेको केराबारी आधारभूत अस्पतालको सञ्चालन तथा व्यबस्थापनका लागि गठित समितिलाई बुझिनेछ।

(२.६) “अस्पताल प्रमुख” भन्नाले केराबारी आधारभूत अस्पतालको प्रमुखलाई सम्झनु पर्दछ ।

(२.७)“स्थायी कर्मचारी” भन्नाले अस्पतालको दरबन्दी अनुसार समायोजन/सरुवा /पदस्थापन भई आउने स्थायी कर्मचारीलाई सम्झनु पर्दछ ।

(२.८)“करार सेवा/कर्मचारी” भन्नाले स्थानीय सरकार/प्रदेश वा अन्य निकायबाट स्थानीय आवश्यकताका अनुसार सेवा प्रवाहलाई सहज बनाउने उद्देश्यका साथ निश्चित समयका लागि सेवा सम्झौता गरी कामकाजमा खटिई आएको अवस्थाका/कर्मचारीलाई सम्झनुपर्दछ ।

(२.९) “आधारभूत स्वास्थ्य सेवा” भन्नाले आम नागरिकको स्वास्थ्य सेवाको आवश्यकता पूर्तिका लागि राज्यबाट शुलभ रुपमा निःशुल्क उपलब्ध हुने प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनर्स्थापनात्मक स्वास्थ्य सेवालाई सम्झनु पर्दछ ।

(२.१०) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले केराबारी गाउँपालिकाको कार्यालय प्रमुख लाई सम्झनु पर्दछ ।

(२.११) "अध्यक्ष" भन्नाले केराबारी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(२.१२) "उपाध्यक्ष" भन्नाले केराबारी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(२.१३) "गाउँपालिका" भन्नाले केराबारी गाउँपालिकालाई सम्झनु पर्छ ।

**(३) अस्पताल सञ्चालन प्रक्रिया**

(३.१) अस्पतालको आन्तरिक प्रशासन सञ्चालनको जिम्मा मे.सु. (मे.सु. नभएमा स्थायी कर्मचारी मध्ये बरिष्ठतम् अधिकृत स्तरको कर्मचारी बाट हुने छ ।

(३.२) अस्पतालबाट प्रदान गरिने स्वास्थ्य सेवाहरुमा दैनिक जनशक्ति व्यवस्थापन गर्दा स्वास्थ्यकर्मीहरुको उपलब्धता क्षमता दक्षताका आधारमा दैनिक साप्ताहिक वा पाक्षिक अग्रिम कार्यतालिका बनाई स्वास्थ्य शाखाको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गराई लागु गर्नुपर्नेछ ।

(३.३) अस्पतालमा कार्यरत कर्मचारीहरुको सरुवा बढुवा तथा पदपूर्ति सम्बन्धि सम्पूर्ण अधिकार केराबारी गाउँपालिकामा निहित रहने छ ।

(३.४) अनुगमन/सुपरिवेक्षण तथा नियमन जुनसुकै अवस्थामा केराबारी गाउँपालिकाबाट हुने छ।

(३.५) आधारभूत अस्पताल केराबारी गाउँपालिका मार्फत् स्थापना भई सञ्चालनमा आएतापनि प्रकृया तथा नियमानुसार प्रदेश/संघीय सरकारले अपनत्व लिनलाई कुनै बाधा पर्ने छैन साथै प्रदेश तथा संघीय सरकारबाट प्राप्त हुने स्थायी/करार सेवाका जनशक्तिलाई पदस्थापन गरी कामकाजमा खटाउन कुनै बाधा पर्ने छैन । साथै अस्पतालको हकमा कर्मचारीहरुको दरबन्दी गाउँ कार्यपालिकाको निणर्य अनुसार हुनेछ

(३.६) प्रचलित कानूनको अधीनमा रही अस्पतालबाट प्रदान गरिने अनिवार्य निःशुल्क भनिएका बाहेक विविध सेवाहरुमा अस्पताल विकास समितिले तोकिए बमोजिमको सःशुल्क सेवा दिन कुनै बाधा पर्ने छैन तर शुल्क निर्धारण गर्दा स्वास्थ्य वीमा बोर्डले निर्धारण गरेको दर रेट भन्दा माथि हुनेगरी शुल्क तोक्न पाईने छैन। सःशुल्क सेवा मार्फत **संकलन रकम** अस्पतालको आन्तरिक आम्दानी खातामा जम्मा गर्नुपर्नेछ ।

(३.७) अस्पतालमा काम गर्ने चिकित्सक, प्रयोगशालाकर्मी तथा अन्य स्वास्थ्यकर्मीहरुलाई अतिरिक्त सेवा वापतको भत्ता, जोखिम भत्ता, रात्रिकालीन सेवा सम्बन्धि प्रोत्साहन रकम उपलब्ध गराउँदा **केराबारी गाउँपालिकाको स्वास्थ्य कर्मचारीहरुका लागि प्रोत्साहन रकम सम्बन्धि मापदण्ड २०७९ बमोजिम हुनेछ** तर प्रयोगशाला/रेडियोलोजि सेवाको हकमा उल्लेखित मापदण्डको दफा ३ को उपदफा ७ बमोजिम जम्मा अम्दानीको ७ प्रतिशत जोखिम भत्ता उपलब्ध गराउन कुनै बाधा पर्ने छैन ।

## ४. अस्पतालबाट सञ्चालन हुने मुख्य सेवाहरु

४.१ जनस्वास्थ्य नियमावली -२०७७ नियम (४) उपनियम (१) को अनुसुची २ अनुसार हुने छ ।

४.२ अन्य आधारभूत सेवाहरु जस्तैः नाक, कान ,घाँटी ,आँखा आदि

## (५) गुणस्तर सुनिश्चितता सम्बन्धि ब्यवस्था

केराबारी गाउँपालिकाबाट स्थापना हुने अस्पतालहरुले निम्न बमोजिमको गुणस्तरको मापदण्ड पूरा गरेको हुनुपर्नेछ -

(५.१) बहिरंग सेवामा आउने विरामीहरुको चापका आधारमा बिरामी दर्ता, परामर्श, निदानात्मक सेवाहरु र औषधी कक्षमा छिटो छरितो सेवा दिने व्यबस्था मिलाउनु पर्दछ ।

(५.२) अस्पताल भित्र तोकिएको मापदण्ड बमोजिम संक्रमण नियन्त्रणको व्यबस्था भएको हुनुपर्नेछ र सोको नियमित र प्रभावकारी अनुगमन गर्नुपर्नेछ ।

(५.३) अस्पतालले विभिन्न ईकाईबाट प्रदान गर्ने सेवाहरु स्तरीय रुपमा सञ्चालन गर्नुपर्नेछ र सोको नियमित र प्रभावकारी अनुगमन हुनुपर्नेछ ।

(५.४) अस्पतालले बहिरंग सेवा प्रदान गर्ने चिकित्सकहरु उपलब्ध हुने समय तालिका (दिन र बार खुल्ने गरी) सबैले देख्ने ठाउँमा राखिएको हुनुपर्नेछ ।

(५.५) बिरामी वा बिरामीको रेखदेख गर्ने व्यक्तिलाई रोग र उपचार पद्धतिबारे स्पष्ट जानकारी दिने व्यबस्था हुनुपर्नेछ। अस्पतालमा उपलब्ध स्रोत साधन, स्वास्थ्यकर्मी वा स्वास्थ्य जनशक्तिको क्षमताले स्वास्थ्य समस्याको समाधान हुन नसक्ने अवस्था आएमा बढी स्रोत, साधन सम्पन्न स्वास्थ्य संस्थामा उपचार, परामर्श र सेवाको निमित्त पठाईने प्रक्रियालाई प्रेषण भनिन्छ। सो सम्बन्धि निणर्यको सम्पूर्ण अधिकार उपचार सेवा उपलब्ध गराउने चिकित्सक/ स्वास्थ्यकर्मी/नर्स सबैमा पूर्ण रुपमा निहित रहनेछ। अस्पतालमा उपलब्ध स्रोत र साधनबाट समाधान गर्न नसकेका समस्या अस्पताल हुदै विशेषज्ञ सेवा प्रदायक ठूला अस्पतालसम्म प्रेषण गरिनेछ ।

(५.६) अस्पताल परिसर तथा सेवा दिने कक्षहरुमा नियमित रुपमा सफा-सुग्घर राखिएको हुनुपर्नेछ ।

(५.७) सबैले देख्ने स्थानमा गुनासो/उजुरी पेटिका राखिएको हुनुपर्नेछ ।

(५.८) जनगुनासो व्यवस्थापनको लागि गुनासो सुन्ने अधिकारी तोकी जनगुनासो तथा पर्न आएको उजुरी समाधान गर्ने व्यबस्था मिलाएको हुनुपर्नेछ । साथै समाधान हुन नसक्ने भएमा सो को कारण सम्बन्धित व्यक्तिलाई जानकारी गराउनुपर्नेछ ।

(५.९) बिरामीले अस्पतालबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रकृया तथा अवधि समेत खुलाईएको बिरामी वडापत्र अस्पतालको अग्र भागमा देखिने गरी राख्नु पर्नेछ र सोही अनुरुप सेवाको सुनिश्चितता गर्नु पर्दछ ।

(५.१०) अस्पतालमा आउने बिरामीलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यबस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिने व्यबस्था गरेको हुनुपर्नेछ ।

(५.११) अस्पतालले २४ सैं घण्टा दक्ष स्वास्थ्यकर्मीबाट र आवश्यकता अनुसार अनकल चिकित्सकको व्यबस्था सहित आकस्मिक सेवा दिने व्यबस्था गरिएको हुनुपर्नेछ ।

(५.१२) अस्पतालमा सकभर ज्येष्ठ नागरिकको लागि विशेष सुविधा भएको शैयाको व्यबस्था गरिनुपर्नेछ ।

(५.१३) स्वास्थ्य संस्था सञ्चालन गरिने भवन र अन्य पूर्वाधार भवन संहिता र सम्बन्धित क्षेत्रको भवन निर्माण सम्बन्धि मापदण्ड अनुरुप हुनुपर्नेछ ।

(५.१४) अस्पतालले सूचना अधिकारी तोक्नुपर्नेछ ।

(ण) अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाको गुणस्तरलाई सुनिश्चित गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गुणस्तर चिन्ह लिन आवश्यक कदम चाल्नुपर्नेछ ।

(५.१५) अस्पताल रहने स्थान धुवा, धुलो, ध्वनि, जल तथा जमिन प्रदुषणबाट मुक्त भएको हुनुपर्नेछ ।

(५.१६) अस्पताल रहने क्षेत्र र हाताभित्र उपयुक्त सुरक्षाको ब्यवस्था भएको, अस्पताल सम्म सडक यातायातको पहुँच भएको हुनुपर्नेछ ।

(५.१७) अस्पतालमा पानी, बिजुली (ब्याकअप सहित), संचार सुविधा, पार्किङ सुविधा, स्वास्थ्यकर वातावरणको लागि वृक्षारोपण तथा बगैंचाको व्यबस्था भएको हुनुपर्नेछ ।

(५.१८) जोखिमपूर्ण फोहोर व्यवस्थापनका लागि उपयुक्त प्रविधिको व्यवस्थापन गरिएको हुनुपर्नेछ ।

(५.१९) फार्मेसी कक्षमा औषधीको गुणस्तर ह्रास नहुने गरी सुरक्षित भण्डारण गर्ने व्यबस्था मिलाउनु पर्नेछ । साथै ताप संवेदनशील औषधी तथा भ्याक्सिन तोकिएको तापक्रममा भण्डारण हुनुपर्नेछ। उपचारमा प्रयोग हुने लागू औषधहरु चिकित्सकको लिखित प्रेस्क्रिप्सन अनुसार मात्र आम्दानी र खर्चको अभिलेख सहित वितरण गर्ने व्यबस्था मिलाएको हुनुपर्नेछ ।

(५.२०) म्याद नाघेका औषधीहरु उपयुक्त विधि अपनाई नष्ट गर्ने व्यबस्था भएको हुनुपर्नेछ

(५.२१) आकस्मिक सेवाका लागि चाहिने आवश्यक औषधीहरु चौबिसै घण्टा उपलब्ध हुने व्यबस्था हुनुपर्नेछ ।

(५.२२) अस्पताल फार्मेसी सेवा सञ्चालन अस्पताल आफैंले गर्नुपर्नेछ ।फर्मेसि सञ्चालन प्रकृया गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(५.२३) औषधीको खुद्रा मूल्यमा छुटको व्यबस्था भएमा सबैले देख्ने गरी सूचना टाँस गरिएको हुनुपर्नेछ ।

(५.२४) अस्पताल भित्र प्रभावकारी सूचना सम्प्रेषणका लागि आन्तरिक टेलिफोन(इन्टरकम) को व्यबस्था भएको हुनुपर्नेछ ।

(५.२५) प्रहरी, एम्बुलेन्स, दमकल जस्ता आकस्मिक सेवाका टेलिफोन नम्बरहरु स्पष्ट देखिने गरी राख्नु पर्नेछ ।

(५.२६) आकस्मिक कक्ष, वर्थिङ कक्ष, अपरेसन कक्ष लगायत संवेदनशील कक्षहरुमा आपतकालीन विद्युत् ब्याकअप सिष्टम राखेको तथा आवश्यक सबै स्थानमा पानीको व्यबस्था भएको हुनुपर्नेछ।

(५.२७) अस्पताल हाताभित्र सेवाग्राही तथा सेवाप्रदायक हरुका लागि पर्याप्त पानी र साबुन सहितको सफा शौचालयको व्यबस्था हुनु पर्नेछ ।

(५.२८) अस्पतालको वार्ड तथा अन्य उपचार दिने स्थानमा आवश्यकता अनुसार बिरामीको साथमा रहने १ जना कुरुवालाई बस्न सक्ने प्रबन्ध हुनुपर्नेछ । साथै स्वास्थ्य संस्था हाताभित्र सफा र सुविधा युक्त क्यान्टिनको व्यबस्था भएको हुनुपर्नेछ ।

(५.२९) अस्पतालमा प्रयोगहुने एप्रोन, पञ्जा, टोपी, जुत्ता, तन्ना, तकिया, खोल, रुमाल जस्ता कपडा धुन तथा अस्पतालमा भर्ना भएका बिरामीहरुको लुगा धुने सुविधाको व्यबस्था भएको हुनुपर्नेछ।

(५.३०) अस्पतालमा सुरक्षा व्यबस्था मिलाउन सुरक्षा गार्डको व्यबस्था भएको हुनुपर्नेछ, आपतकालीन अवस्थाको लागि तत्काल सेवा प्रदान गर्न राज्यका सुरक्षा निकायसँग समन्वय कायम गर्ने व्यबस्था मिलाएको हुनुपर्नेछ ।

(५.३१) आकस्मिक कक्षमा आकस्मिक अवस्थामा बहिर्गमन द्वारको आवश्यक व्यबस्था मिलाएको हुनुपर्नेछ ।

(५.३२) अक्सिजन आपुर्तिको नियमित व्यबस्था भएको हुनुपर्नेछ ।

(५.३३) आकस्मिक कक्ष, डेलिभरी कक्ष तथा वार्डमा सक्सन मेसिन, सुचर सेट, एम्बु ब्याग, अक्सिजन, आकस्मिक कक्षमा कार्डियाक मोनिटर, इसिजी मेसिन, त्यसै गरी वि.पी सेट प्रत्येक कक्षमा, आइ.भी.स्टेण्ड कम्तीमा वेड सगै ड्रवेर सहितको व्यबस्था भएको, आकस्मिक तथा ड्रेसिङ कक्षमा प्लास्टरका सामग्री, आकस्मिक कक्षमा इलेक्ट्रिक डिफिब्रिलेटर, आकस्मिक कक्षमा औषधी सहितको ट्रली, ट्राकियोस्टोमी सेट, भेनस सेक्सन सेट, इ.टी.ट्युव सेट, इ एन टी सेट, नेवुलाइजर, सि.भि.पी. लाइन सेट, वाटरसिल ड्रेनेज सेट, सूचना पाटी, ह्विल चेयर,स्ट्रेचर, फुट स्टेप, स्क्रिन, ग्यास्ट्रिक ट्युव सेट, डुस सेट आदि आवश्यक कुराहरुको व्यबस्था भएको हुनुपर्नेछ ।

(क्ष) अस्पतालमा चटयाङ छल्ने एन्टिलाइटिङ सिस्टमको जडान, आगो निभाउने फायर एस्टिङग्युसरको व्यबस्था भएको हुनुपर्नेछ ।

## ६. अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको गठन, काम, कर्तब्य र अधिकार

६.१ गठन प्रक्रियाः-

केराबारी आधारभूत अस्पताल विकास समितिको गठनः

(१) गाउँपालिकाको अध्यक्ष वा अध्यक्षले तोकेको कार्यपालिका सदस्य पदेन— अध्यक्ष

(२) गाउँपालिकाको उपाध्यक्ष पदेन - उपाध्यक्ष

(३) प्रमुख प्रशासकीय अधिकृत- पदेन सदस्य

(४) अस्पताल रहेको वडाको वडा अध्यक्ष - पदेन सदस्य

(५) समाजसेबी तथा जग्गादाता मध्येबाट कार्यपालिकाले तोकेको -१ जना सदस्य

(६) स्वास्थ्य शाखा प्रमुख - १ पदेन सदस्य

(७) कार्यपालिकाले मनोनित दलित महिला कार्यपालिका सदस्य - पदेन १ जना

(८) महिला स्वास्थ्य स्वयम् सेविकाहरुमध्येबाट स्वास्थ्य शाखाले तोकेको - १ जना सदस्य

(९) गाउँपालिकाबाट अस्पताल प्रमुखको रुपमा कार्य गर्ने गरी खटाईएको अधिकृत स्तरको स्थायी कर्मचारी -१ जना (सदस्य सचिव)

६.२ अस्पताल विकास समितिको काम,कर्तब्य र अधिकार देहाय बमोजिमको हुनेछः-

६.२.१ जनशक्ति व्यवस्थापनः-

क अस्पतालमा दरबन्दी तथा सेवा प्रवाह अनुसारको कर्मचारी भए नभएको हेर्ने आवश्यकता अनुसार कर्मचारी व्यवस्थापनका लागि स्वास्थ्य शाखा मार्फत् गाउँपालिकामा सिफारिस गर्ने ।

ख सदस्य सचिवबाट कर्मचारीको ३ दिनसम्मको (बिरामी बिदा बाहेक) बिदा स्वीकृत गर्ने र त्यसभन्दा बढी बिदाको हकमा सिफारिस साथ स्वीकृतिका लागि पालिकामा पठाउने ,

ग कर्मचारीको कामको मूल्याङ्कन गरी दण्ड र प्रोत्साहान गर्ने व्यवस्था मिलाउने ।

घ महिला स्वास्थ्य स्वयं सेविकालाई प्रोत्साहान गर्ने ,

ङ अस्पतालबाट प्रदान गरिने स्वास्थ्य सेवा प्रवाहमा सबैको पहुँच (बिपन्न नागरिक जेष्ठ नागरिक फरक क्षमता भएका नागरिक गर्भवती सुत्केरी तथा बालबालिकाहरुलाई बिशेष प्राथमिकतामा राखेर ) सहज र सुनिश्चित सेवाको व्यबस्था मिलाउने ।

## ६.२.२ भौतिक पूर्वाधार

(क) उपलब्ध भौतिक सम्पत्ति (घर जग्गा, खानेपानी, शौचालय, बिजुली, फर्निचर औजार उपकरण आदीको संरक्षण तथा उचित उपयोगको व्यवस्था मिलाउने,

(ख) माथि उल्लिखित भौतिक सम्पत्ति अपुग भएमा स्वास्थ्य शाखा मार्फत् गाउँपालिकामा सिफारिस गर्ने ।

(ग) महिला तथा बालबालिकाका लागि गोपनीयता कायम गर्न अस्पताल स्वास्थ्य संस्थामा छुट्टा छुट्टै जाँच्ने कोठाको व्यवस्था मिलाउने,

(घ) अस्पताल वरिपरि सरसफाइको व्यवस्था मिलाउने,

(ङ) गाउँघर तथा खोप क्लिनिकका लागि आवश्यक स्थान उपलव्ध गराउने,

(च) अस्पतालमा २४ सै घण्टा आकस्मिक सेवा उपलब्ध हुने व्यबस्था मिलाउने,

(छ) विरामीलाई भर्ना गरि उपचार सेवा उपलब्ध गराउन इनडोर सेवाको उपलब्ध

हुने आवश्यक व्यबस्था मिलाउने ,

## ६.२.३ औषधी/उपकरण

(क) अस्पताल/स्वास्थ्य संस्था, गाउँघर क्लिनिक, खोप क्लिनिकबाट दिइने सेवाका

लागि आवश्यक औषधी उपकरण भए नभएको यकिन गरी अभाव भएमा

उपलब्ध गराउने व्यवस्था मिलाउने ,

(ख) अस्पतालमा नियमित रूपमा औषधि आपूर्ति तथा भण्डारणका लागि उचित व्यवस्था मिलाउने ।

(ग) औषधी खर्चको फाँटवारी दैनिक रूपमा अद्यावधिक गर्ने /गराउने,

(घ) आपत्कालीन अवस्था तथा महामारीका लागि जगेडा औषधीको तथा

उपकरणको व्यवस्था मिलाउने ,

(ङ) स्वास्थ्य वीमा फार्मेसि सञ्चालन गर्ने ।

(घ) प्रयोगशालामा प्रयोग हुने Re-Agent, Oxygen लगाएतका आवश्यक अन्य सामाग्रीहरुको खरिद सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार प्रकृया अगाडी बढाउने र E-Bid गर्नु पर्ने भएमा गाउँपालिकाबाट गर्न सिफारिस गर्ने ।

## ६.२.४ स्रोत परिचालन

(क) संस्थाको आम्दानी नियमित रूपमा अस्पतालको खातामा जम्मा गर्ने व्यवस्था मिलाउने ।

(ख) अस्पताल भएको पालिका/वडा भित्र भएका संस्थाहरु जस्तै विभिन्न गैसस, वडा, सामुदायिक वन, स्थानीय क्लब आदिमा सम्भावित स्रोत पहिचान गर्ने ,

(ग) आपतकालीन अवस्था (प्रकोप, महामारी) मा वडा भित्र भएका वा बाहिरबाट समेत मानवीय स्रोत र अन्य स्रोत खोजी गर्ने र उचित परिचालनको व्यवस्था मिलाउने,

(घ) अस्पतालका लागि बार्षिक रुपमा आवस्यक पर्ने बजेटको सुनिस्चित गर्न खर्च शीर्षक सहित बजेट निर्धारण गरी फाल्गुणको पहिलो साता भित्र स्वास्थ्य शाखा मार्फत् गाउँकार्यपालिकामा पेश गर्ने ।

(ङ) अस्पतालमा आकस्मिक सेवाका लागि आएका बिपन्न बिरामीहरुको आर्थिक अभावका कारण उपचार तथा प्रेषण सेवाबाट बन्चित हुन नदिन छुट्टै आकस्मिक कोषको व्यबस्था गर्ने ।

### ६.२.५ सुशासनः

(क) संस्थाको आन्तरिक लेखापरीक्षण ६-६ महिनामा गाउँपालिकाको आन्तरिक लेखापरिक्षण शाखा बाट गर्ने व्यवस्था मिलाउने,

(ख) अन्तम लेखापरिक्षण रजिष्टर्ड लेखा परिक्षकबाट लेखापरीक्षण गराउने,

(ग) सामाजिक लेखापरीक्षण कम्तीमा वर्षको एक पटक गराउने,

(घ) अस्पतालमा नागरिक बडापत्रको व्यवस्था गर्ने,

## ६.२.६ योजना/कार्यान्वयन/अनुगमनः

(क) लक्षित जनसंख्या सम्बन्धी सूचना संकलन गर्ने व्यवस्था मिलाउने र सेवा सर्वसुलभ बनाउन प्राथमिकता क्षेत्र तोक्ने,

(ख) उपलब्ध सेवा जनसमुदाय सम्म पुगे नपुगेको यकिन गर्ने,

(ग) समुदायबाट आएका गुनासा वा सुझावलाई समेटी समाधानका निमित्त पहल गर्ने

(घ) विशेष स्वास्थ्य कार्यक्रमहरुलाई प्राथमिकीकरण गर्दा विशेष ध्यान दिने (जस्तै परिवार नियोजन, सुरक्षित मातृत्व, खोपसेवा, पोषण सेवा , क्षयरोग, कुष्ठरोग किट जन्य रोगको रोकथाम प्रयोगशाला, रेडियोलोजी ,शल्यचिकित्सा सेवा आदि) ,

(ङ) सञ्चालित कार्यक्रमहरुको नियमित रुपमा अनुगमन गर्ने,

(च) नियमित रूपमा योजना बनाई सुपरिवेक्षण गर्ने साथै कार्यक्रमको प्रगति समीक्षा गर्ने ,

## ६.२.७ सञ्चार, समन्वय र सहयोग

(क) अस्पताल विकास समितिको नियमित मासिक बैठक गर्ने,

(ख) समितिका सदस्यहरुबीच एक आपसमा राम्रो सम्बन्ध बनाउने,

(घ) मासिक वा अन्य आकस्मिक बैठक बस्नु पर्दा सम्पूर्ण सदस्यहरुलाई पत्राचार गर्ने ,

(ङ) औषधी, सरसमान, औजार, कर्मचारी वा अन्य आवश्यक सहयोगका लागि स्वास्थ्य शाखा, जनस्वास्थ्य कार्यलय वा जिल्ला समन्वय समितिको कार्यालय, प्रदेश सरकार तथा निर्देशनालय र संघिय सरकारसँग समन्वय गर्ने ।

**७. अनुगमन तथा मूल्याङ्कन**

केराबारी गाउँपालिका, प्रदेश सरकार , संघीय सरकार तथा सरोकारवाला निकायबाट समय समयमा अनुगमन तथा मूल्याङ्कन हुनेछ ।

**८. पदावधि**

(क) अस्पताल विकास समितिको कार्यकाल पदेन पद भन्दा बाहेक ३ वर्षको हुनेछ ।

(ख) निर्वाचित पदाधिकारीहरु एवम् सदस्यहरुको पदावधि अर्को निर्वाचन भई नयाँ ब्यक्तिले पदभार ग्रहण नगरुन्जेलसम्म हुनेछ ।

(ग) समितिले आवश्यक ठानेमा अन्य कुनै विशेषज्ञलाई समितिको आमन्त्रित सदस्यको रुपमा उपस्थिती हुन आमन्त्रिण गर्न सक्नेछ ।

(घ) बैठकको लागि पदाधीकारीको ५१ प्रतिशत उपस्थिति अनिवार्य हुनुपर्नेछ ।

(ङ) माथि ८ (क) मा जुनसुकै कुरा लेखिएको भए पनि पदेन तथा मनोनित पदाधिकारीहरुले आफ्नो पदिय जिम्मेवारी पूरा नगरेमा गाउँकार्यपालिकाले निणर्य गरी जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

**(९) योग्यता**

देहायका योग्यता भएको व्यक्ति समिति पदाधिकारी एवम् सदस्य पदमा नियुक्तिको लागि योग्य हुनेछः-

(क) नेपाली नागरिक ।

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार ठहरी सजाय नभोगेको ।

(ग) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा अन्तर्गतको कुनै संगठित संस्था सँग कुनै वेरुजु वा बक्यौता बाँकी नरहेको ।

(घ) उच्च नैतिक चरित्र भएको र कालो सूचीमा नपरेको ।

**१०. लेखा समिति गठनः**

लेखा समितिको गठन तपशील अनुसार हुनेछ–

क.गाउँपालिका सामाजिक विकास समितिको– संयोजक

ख.गाउँपालिका कार्यलायको स्वास्थ्य शाखा प्रमुख–सदस्य

ग. गाउँ कार्यपालिकाले तोकेको कार्यपालिका महिला सदस्य–सदस्य

घ.गाउँपालिकाको आन्तरिक लेखा परिक्षक-सदस्य सचिब

१०.१ लेखा समितिको काम, कर्तब्य र अधिकार

क.बित्तिय सुशासन कायम गर्न मितव्ययीता र प्रभाबकारिता पुष्टि हुने गरी आर्थिक प्रशासन सञ्चालनका लागि निति योजना कार्यक्रम निर्माण गर्ने ।

ख. सार्बजनिक खरिद सम्बन्धि प्रचलित कानुनको परिधिमा गर्ने गराउन सहयोग गर्ने

ग. समितिबाट खर्च प्रणाली कानुन बमोजिम र पारदर्शी भए नभएको सम्बन्धमा अनुगमन गरी सिफारिस गर्ने।

घ. अस्पतालको राजश्व संकलन र परिचालन सम्बन्धमा आवस्यक अध्ययन गरी सुझाव दिने ।

ङ. आन्तरिक तथा अन्तिम लेखा परिक्षण सम्बन्धि कार्य गर्न सहयोग गर्ने ।

च. आन्तरिक तथा अन्तिम लेखा परिक्षण प्रतिवेदन उपर छलफल गर्ने र प्रतिवेदनमा औंल्याईएका कमिकमजोरी सुधार गर्न कायम भएका बेरुजु तथा आर्थिक अनियमिततालाई नियमित एवम् असुल उपर गर्नु पर्ने बेरुजु फछ्यौंटका लागि आवश्यक कार्यबाही गर्ने सम्बन्धमा समितिलाई सहजीकरण गर्ने ।

छ. सार्बजनिक खरिद कार्यमा प्रचलित कानूनको परिपालना भए नभएको मुल्याङ्कन गरी समिति र गाउँपालिकालाई आवश्यक सुझाब दिने ।

ज. समितिको कार्यक्षेत्र भित्रका विषयमा प्राप्त उजुरी संचार माध्यममा आएका बिषयहरु सरोकार वालाहरुको चासो एवम् समितिले आवश्यक ठानेका बिषयहरुमा जाँच गरी विकास समितिलाई आवश्यक सुझाब दिने ।

झ. समितिले आफुले सम्पादन गरेका कार्यको बार्षिक प्रगति प्रतिवेदन तयार गरी अस्पताल विकास समिति गाउँपालिकामा पेश गर्ने ।

## ११. सल्लाहकार समिति गठन

“सल्लाहकार समिति” अस्पताल विकास समितिले तपसील अनुसार मनोनित गर्न सक्ने छः-

क.स्थानीय राजनीति दलको प्रमुख वा प्रतिनिधि

ख.सामाजिक संघ संस्थाका प्रतिनिधि १ महिला सहित २ जना

ग.समाजसेवी, बुद्विजीवी, जग्गा तथा चन्दा दाता मध्येबाट -२ जना

## १२. अस्पताल विकास समिति बैठक सञ्चालन प्रक्रिया

क. पूर्व सूचनाः बैठक हुनुभन्दा तीन दिन अगाडि पत्र वा अन्य माध्यमबाट समितिका सदस्यहरुलाई (बैठक बस्ने मिति, समय, स्थान र छलफलको विषयबारे जानकारी दिएको हुनुपर्दछ ।

ख. बैठक पुस्तिकाः बैठकको निणर्य एवम् उपस्थितिको अभिलेख राख्ने बैठक पुस्तिका राखेको हुनुपर्दछ ।

ग.छलफलका विषयहरुको तयारीः बैठकका लागि आवश्यक छलफलका विषयहरु पूर्व निर्धारित हुनुपर्दछ।

घ. सहभागीहरुको बस्ने व्यवस्थाः बैठक स्थानमा सदस्यहरु समानुपातिक र सजिलोसँग बसेको हुनुपर्दछ ।

ङ. उपस्थिति संख्याः बैठकमा सदस्यहरुको उपस्थिति ५१ प्रतिशत वा यस भन्दा बढी रहेको हुनुपर्दछ ।

च. प्रगति समीक्षाः बैठकमा अघिल्लो बैठकमा भएका निणर्यहरुको प्रगति समीक्षा हुनुपर्दछ ।

छ. सदस्यहरुको सहभागिताः बैठकमा सबै सदस्यहरुलाई पालैपालो आ-आफ्नो भनाइ राख्ने मौका दिइनु पर्दछ ।

ज. निणर्य प्रक्रियामा सहभागिताः बैठकमा उपस्थित महिला र दलित सदस्यहरुले आफ्ना भनाइहरु राखेको र उक्त भनाइलाई निणर्य प्रक्रियामा महत्त्व दिएको हुनुपर्दछ

झ. जिम्मेवारी बाँडफाँडः कार्ययोजनामा उल्लिखित कार्यहरु गर्न एकभन्दा बढी सदस्यहरुलाई जिम्मेवारी तोकिएको हुनुपर्दछ ।

ञ. मासिक प्रगति समीक्षाः अस्पतालबाट गत महिनामा गरिएको कार्यक्रमको प्रगति समीक्षा गर्नुपर्दछ ।

ट. आगामी कार्यक्रमहरुको जानकारीः अस्पताल प्रमुख वा अन्य कर्मचारीबाट आगामी महिनामा हुने स्वास्थ्य सम्बन्धि कार्यक्रम बारे जानकारी दिनुपर्दछ ।

ठ. आगामी बैठकः आगामी बैठकका निम्ति मिति र समय तोकेको हुनुपर्दछ ।

## १३. मानव संशाधन व्यवस्थापन

(क) अस्पताल सञ्चालनको लागि आवश्यक जनशक्ति केराबारी गाउँपालिकाको कार्यपालिका बैठकले तोके बम्मोजिम हुनेछ। तर कुनै काम तत्काले र छोटो समय अवधिका लागि गर्नुपर्ने भएमा डोर हाजिरी गराई काम गराउन बाधा पर्ने छैन।

## १४. आकस्मिक कक्षको लागि न्यूनतम औषधी, औजार तथा उपकरणहरु

(क) औषधी तथा उपकरणहरुः-

-स्वास्थ्य संस्था सञ्चालन मापदण्ड-२०७७ अनुसार हुनुपर्नेछ ।

-प्रयोगशालाको हकमा D वर्गको प्रयोगशाला रहनेछ।

## १५. अस्पतालको कोष

अस्पतालको नाममा आफ्नो छुट्टाछुटै २ वटा कोष रहनेछ ।

### १५.१ केराबारी अस्पताल विकास तथा सञ्चालन कोष

### १५.२ अस्पताल व्यवस्थापन समिति केराबारी पालिका अस्पताल

उल्लेखित कोषमा देहाय बमोजिका रकमहरु रहनेछनः-

### १५.१.१ केराबारी अस्पताल विकास तथा सञ्चालन कोषमा रहने रकम तथा सञ्चालन प्रकृयाः-

क. यो कोषमा केराबारी गाउँकार्यपालिकाबाट निर्णय भई अस्पताल सञ्चालनको लागि गाउँपालिकाबाट प्राप्त हुने अनुदानको रकम। ,

ख. विभिन्न दात्री निकाय वा चन्दादाताहरुबाट प्राप्त हुने रकम

ग.अस्पताल विकास समितिको निर्णयअनुसार अन्य खातामा रहेको स्थानान्तरण भई आउने रकम।

घ.विभिन्न स्वास्थ्य कार्यक्रमहरुको गाउँपालिकाले उपलब्ध गराउने सोध भर्ना तथा भुक्तानी बापतको रकम

**१५.१.२) खाता सञ्चालन-** यो कोषमा रहने रकम सञ्चालन तथा व्यवस्थापन अस्पताल विकास समितिबाट हुनेछ। खाता सञ्चालनको लागि अस्पताल विकास समितिका सदस्य सचिब र गाउँपालिकाले तोकेको लेखा अधिकृत वा लेखापालको संयुक्त दस्तखत बाट सञ्चालन हुनेछ।कोषको रकम खर्च गर्दा अस्पताल विकास समितिको बैठकको निर्णय अनुसार गर्नु पर्ने छ ।साथै रकम खर्च गर्दा स्वीकृत बजेट तथा कार्यक्रम शीर्षकको अधिनमा रहि गर्नु पर्ने छ ।कुनै शिर्षकमा वा अन्य नयाँ कुनै विषयमा विशेष कारणले बजेट अपुग हुने वा थप बजेट आवस्यक पर्ने भएमा अस्पताल विकास समितिको निर्णय सहित कार्यपालिकामा पेश गर्नु पर्ने छ।

**१५.२.१ अस्पताल व्यबस्थापन समिति केराबारी पालिका अस्पतालमा रहने रकम**

.स्वास्थ्य वीमा कार्यक्रम अन्तर्गत स्वास्थ्य वीमा बोर्ड बाट प्राप्त हुने रकम

**१५.२.२ खाता संचालनः** यो कोषमा रहने रकमको सञ्चालन तथा व्यवस्थापन पालिका स्तरीय वीमा संयोजन समिति बाट हुनेछ।खाता सञ्चालन केराबारी गाउँपालिकाका प्र प्र अधिकृत तथा लेखा अधिकृत वा लेखापालको संयुक्त दस्तखत बाट हुनेछ।कोषको रकम निकासा वा भुक्तानी गर्दा वीमा संयोजन समितिको बैठकको निर्णय अनुसार हुनेछ।यस कोषको खर्च तथा आम्दानी सम्बन्धि सम्पूर्ण अभिलेख तथा प्रतिवेदन स्वास्थ्य शाखाले राख्ने र प्रत्येक बर्ष प्रतिवेदन तयार गरी गाउँ कार्यपालिकाबाट अनुमोदन गराउनु पर्ने छ।

**१५.३ केराबारी आधारभूत अस्पतालको आन्तरीक सम्पूर्ण आम्दानी केराबारी गाउँपालिकाको राजश्व खातामा सासाहिक रुपमा जम्मा गर्नु पर्ने छ ।**

**१५.४** माथि जुनसुकै कुरा लेखिएको भएतापनी यस्तो रकम खर्च गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली तथा प्रचलित कानुन बमोजिम गर्नुपर्नेछ ।

**१५.५.**समितिका सम्पूर्ण खाता कुनै स्थानीय (क) बर्गको बैकमा खोली सञ्चालन गरिनेछ ।

**१५.५ यस कार्यविधिमा उल्लेख भएका बैंक खाताहरु भन्दा बाहेक यस अस्पताल वा साबिकको स्वास्थ्य चौकीको नाममा सञ्चालनमा रहेका सम्पूर्ण बैंक खाताहरु अस्पताल बिकास समितिको निर्णय अनुसार बन्द गर्ने र उक्त खातामा रहेको रकम स्थानान्तरण गरिने छ।**

छ) विदेशी सरकार,संघसंस्था वा ब्यक्तिबाट रकम प्राप्त गर्नको लागि प्रचलित कानुन बमोजिम गाउँपालिका बाट अनुमति लिनुपर्नेछ ।

ज)अस्पताल विकास समितिले विभिन्न कल्याणकारी कोषहरु सञ्चालन गर्न सक्नेछ । सोको कार्यविधि गाउँपालिकाबाट स्वीकृत गराउनुपर्नेछ ।

(झ) औषधी तथा उपकरणहरुको हकमा सम्पूर्ण खरिद प्रकृया केराबारी गाउँपालिका बाट हुने छ।

(ञ) नियम (झ) मा जुनसुकै कुरा लेखीएको भएता पनी एक पटकमा आकस्मिक अबस्थाको लागि रु ५०००० रकम सम्मको खरिद गर्न बाधा पर्ने छैन ।

## १६. सम्पत्ति र कोष हस्तान्तरणः-

साविक बमोजिम अस्पतालमा विभिन्न समितिको नाममा रहेको सबै चल अचल सम्पति यसै निर्देशिका बमोजिम सञ्चालन उल्लेखित समितिका तत् तत् कोषमा स्वत हस्तान्तरण हुनेछ ।

## १७. लेखा र लेखा परीक्षणः-

(क) समितिको आय ब्ययको लेखा महालेखा परीक्षकको कार्यालयले तोकेको ढाँचा बमोजिम राखु पर्नेछ।

(ख) कोषको आन्तरिक लेखापरीक्षण गाउँपालिकाको आन्तरिक लेखापरिक्षण शाखा बाट हुनेछ ।

(ग) कोषको अन्तिम लेखापरिक्षण गाउँपालिकाको म.ले.प.संगै म.ले.प.बाट वा तोकेको लेखा परीक्षकबाट हुनेछ।

## १८. निर्देशन दिनेः-

गाउँपालिकाले समितिको काम कारबाहीका सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिईएको लिखित निर्देशनको पालना गर्नु समितिको कर्तब्य हुनेछ ।

## १९.परिमार्जनः-

अस्पताल सञ्चालनका क्रममा कुनै कानुनी समस्या भई काम गर्न बाधा अड्चन भएमा अस्पताल विकास समितिले निणर्य गरी सो

विषयमा गाउँ कार्यपालिकालाई लिखित अनुरोध गर्न सक्नेछ । समय र आवश्यकता अनुसार यस अस्पताल सञ्चालन निर्देशिका २०८१ गाउँकार्यपालिकाले परिमार्जन वा संसोधन गर्न सक्नेछ ।

**२० .अभिलेख तथा प्रतिवेदनः-**

अस्पताल गरेका क्रियाकलाप तथा प्रगतिहरुको विवरण लगायत अन्य आवश्यक कागजातहरु मासिक रुममा स्वास्थ्य शाखामा र लेखा शाखामा अनिवार्य रुपमा प्रविष्ट गर्नुपर्नेछ ।

**२१ .कारवाही हुनेः-**

यस निर्देशिका विपरीत कार्य गर्ने पदाधिकारी वा कर्मचारी तथा सेवाग्राहीलाई प्रचलित कानून बमोजिम कार्वाही चलाउन सक्नेछ ।

**२२.कर्मचारी प्रशासन सम्बन्धि ब्यबस्थाः-**

(क) अस्पतालमा कार्यरत सम्पूर्ण कर्मचारीहरुले केराबारी गाउँपालिकाको निति नियमको पालना गर्नु कर्तब्य हुनेछ।

(ख) अस्पताल प्रमुखलाई कार्यलयको दैनिक प्रशासनिक कार्यगर्ने गराउने तथा आन्तरिक कर्मचारि ब्यावस्थापनको सम्पूर्ण अधिकार तथा जिम्मेवारि रहने छ।

(ग) अस्पतालका सम्पूर्ण कर्मचारीहरुले अस्पताल प्रमुखको निर्देशन पालना गर्नु कर्तब्य हुनेछ।

## २३.शुल्क निर्धारण

(क) अस्पताल बाट प्रदान गरिने सेवाहरुको शुल्क नेपाल सरकारले निशुल्क भनिएका बाहेक सेवाहरुमा लगाउन सक्नेछ।

(ख) स्वास्थ्य सेवा प्रदान गर्दा शुल्क लगाउन आवश्यक छ भनि अस्पताल विकास समितिमा सदस्य सचिवबाट प्रस्ताव पेश गरिनु पर्नेछ।

(ग) अस्पताल विकास समितिबाट पेश भएको प्रस्ताब उपर छलफल गरि आवश्यक निर्णय लिन सक्नेछ।

(घ) अस्पतालबाट कुनैपनि सेवा प्रदान गर्दा सेवा शुल्क लिने नलिने वा निशुल्क गर्ने साथै शुल्क निर्धारण गर्ने विषयमा विकास समितिले आवश्यक निर्णय गर्न सक्नेछ।

(ङ)अस्पताल बाट प्रदान गर्ने सेवामा शुल्क निर्धारण गर्दा स्वास्थ्य वीमा बोर्डले तोकेको दर रेट भन्दा बढि तोक्न पाईने छैन ।

(च) विकास समितिका सम्पूर्ण निर्णयहरु बोधार्थको रुपमा केराबारी गाँउ पालिका स्वास्थ्य शाखामा पठाउनु पर्नेछ।

**२४. खारेजी र बचाउः-** (१) केराबारी गाउँपालिकाको अस्पताल/स्वास्थ्य संस्था स्थापना तथा सञ्चालन कार्यविधि निर्देशिका, २०७८ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको निर्देशिका बमोजिम भए गरेका काम यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

(३) यस कार्यविधि बमोजिम अस्पताल व्यवस्थापन समितिको निर्णय भई भुक्तानीको प्रक्रियामा रहेका विषयहरुको भुक्तानी गर्न यस कार्यविधि बमोजिम बाधा परेको मानिने छैन ।

आज्ञाले,
जयराम श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत